# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

नेपाल सरकार, मन्त्रिपरिषद्‌ले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी जग्गाधनी पवन कुमार शारदा र मुरारी लाल मुरारकाको संयुक्त नाममा दर्ता कायम रहेको सिराहा जिल्ला, लहान नगरपालिका, वडा नं. ७क स्थित कित्ता नं. २४८, २४९, ३२७ र ३३० को क्षेत्रफल क्रमशः ०-४-०, ०-४-६, १-५-०.५ र ०-२-३.५ गरी जम्मा १-१५-१० (एक बिघा पन्ध्र कट्ठा दश धुर) को जग्गा तथा सोमा बनेको भवन समेतको कायम हुने मूल्य रू. १७,९९,४६,१०८.१०।- (अक्षरेपि सत्र करोड उनान्सय लाख छयालिस हजार एक सय आठ, पैसा दश मात्र) निज जग्गाधनीहरूले मधेश प्रदेश सरकारको राम कुमार शारदा उमा प्रसाद मुरारका प्रादेशिक अस्पतालका नाममा हस्तान्तरण गर्दा आयकर ऐन, २०५८ को दफा ९५क. को उपदफा (५) को खण्ड (ख) बमोजिम लाग्ने लाभकर रकम रू. १,३४,९५,९५९/- (अक्षरेपि एक करोड चौंतिस लाख पन्चानब्बे हजार नौ सय उनान्साठी मात्र) छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

नेपाल सरकार, मन्त्रिपरिषद्‌ले नेपाल राष्ट्र बैङ्कको परामर्शमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ग. को उपदफा (१) को प्रयोजनको लागि संवत् २०८२ साल माघ १



मुद्रण विभाग (watermark)
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले देहाय बमोजिमका अवस्थामा बाहेक एक पटकमा पाँच लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरिद बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैङ्किङ्ग उपकरण मार्फत गर्नुपर्ने गरी नगद कारोबारको सीमा निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) वित्तीय संस्थामा निक्षेप, बचत वा सटही गर्न,

(ख) वित्तीय संस्थाबाट लिएको कर्जा, त्यसको साँवा तथा ब्याज भुक्तानी गर्न,

(ग) वित्तीय संस्थाहरू बीचमा नगद कारोबार गर्न,

(घ) उपर्युक्त नगदको सीमाभन्दा बढी नगद स्रोत तथा प्रयोजन खुल्ने गरी आफूसँग राख्न वा देशभित्र एक स्थानबाट अर्को स्थानमा लैजान,

(ङ) कुनै निक्षेपकर्ता वा बचतकर्ताले कुनै खास कारण देखाई नगद भुक्तानीको लागि दिएको निवेदनको व्यहोरा र कारण मनासिब देखिएमा त्यस्तो निक्षेपकर्ता वा बचतकर्ताको खाता रहेको वित्तीय संस्थाबाट निक्षेपकर्ता वा बचतकर्तालाई उल्लिखित सीमाभन्दा बढी नगद भुक्तानी दिन ।

<u>**द्रष्टव्यः**</u> खण्ड ६६, सङ्ख्या ६२, मिति २०७३/१२/१० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना संवत् २०८२ साल माघ १ गतेदेखि लागू हुने गरी खारेज गरिएको छ ।

**आज्ञाले,**
**भूपाल बराल**
**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।